**अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित**

**नेपाल बौद्ध परियत्ति शिक्षा**

**कोविद मध्यम वर्ष (कक्षा ९)**

**षष्टम पत्र (अभिधर्म) – नेपाली**

**बु.सं. २५५६ (२०६९)**

**प्र.नं.१) खाली ठाउँमा भर्नुहोस् । (२ वटा मात्र)** २×५=१०

क) कामे जवन ...............तदारम्मणमीरिम्मतं ॥

ख) मुसावादो .........................वचीकम्मं नाम ॥

ग) भूतप्पसादविसया......................अट्ठारसविधं तथा ॥

**प्र.नं.२) भावार्थ लेख्नुहोस् । (२ वटा मात्र)** २×५=१०

क) सत्तक्खत्तुं परित्तानि - मग्गाभिञ्ञा सकिं मता ।
अवसेसानि लब्भन्ति - जवनानि बहूनिपि ॥

ख) दिट्ठधम्मवेदनीयं उपपज्जवेदनीयं अपरापरियवेदनीयं
अहोसि कम्मञ्चेति पाककालवसेन चत्तारि कम्मानि नाम ।

ग) इच्चेवं मतसत्तानं - पुनदेव भवन्तरे ।
परिसन्धिमुपादाय - तथा रूपं पवत्तति ॥

**प्र.नं.३) उत्तर दिनुहोस् ।** ४×५=२०

क) एउटा एउटा चित्त र रूपको आयु कति छ ?

ख) एउटा जन्ममा मिल्ने तीनवटा धर्महरु के के हुन् ?

ग) 'वीथिचित्तानि सत्तेव' पालिमा 'सत्त'को स्वरूप लेख्नुहोस् ।

घ) अकुशल कर्मपथ दशवटा मध्ये दाषले मात्र उत्पन्न हुने कर्मपथ र लोभले मात्र उत्पन्न हुने कर्मपथ उल्लेख गनुहोस् ।

**प्र.नं.४) तलको प्रश्नहरुको उत्तर लेख्नुहोस् । (६ वटा मात्र)** ६×५=३०

क) अहेतुक क्रियाचित्तहरु के के हुन् ? कुन अहेतुक क्रिया अरहन्तमा मात्र उत्पन्न हुन्छ ?

ख) प्रतिसन्धि चित्त कति प्रकारका हुन्छन् ? जन्मैदेखि अन्धा, बहिराहरू कुन चित्तले प्रतिसन्धि लिएकाहरू हुन् ?

ग) भवंग चित्तहरु कुन कुन अवस्थामा उत्पन्न हुन्छन् ?

घ) पञ्च विज्ञानले गरिने कृत्यहरू के के हुन् ?

ङ) कुनै आवाज सुन्नेबेला उत्पन्न हुने चित्तक्रम संक्षेपमा लेख्नुहोस् ।

च) धर्मारम्मण कति प्रकारका छन् ? ती के के हुन् ?

छ) लोभ -मूल चित्तले कुन कुन द्वारहरू मार्फत आरम्मणलाई अनुभव गर्न सकिन्छ ?

**बौद्ध मूल जनजातीपिं**

**प्र. नं ११ छोटो उत्तर लेख्नुहोस् ।** २०

क) ललितविस्तर अनुसार सिद्धार्थ लुम्बिनीमा जन्म हुनु भएको बेला तातो र चिसो पानीले नुहाइदिएका दुई नागराजहरुको नाम के के हो ?

ख) नागभूपति कसलाई भनिन्छ ?

ग) मगरहरुलाई आफ्नै दाजु भाई जस्तै मान्ने को को थिए ? किन मानेको थियो ?

घ) घर्तिमगरमा पर्ने अरु थरहरु के के हुन् ?

ङ) "केटी छोप्ने" भनेको के हो ?

च) साँचै भन्ने हो भने गुरुङ्ग जाति कुन धर्मका अनुयायीहरु हुन् ?

छ) गुरुङ्गहरुको कति वटा जाति छन् ? ती के के हुन् ?

ज) गुरुङ्ग जातीमा पहिलो छोराको दोस्रो जन्म दिनमा आफ्नो घरमा नाच्न लगाउने नाच के हो ?

झ) घाण्डु भन्ने नाच कहिले देखि कहिले सम्म नचाइन्छ ?

ञ) पितृऋणबाट वा मातृऋणबाट मुक्त हुन गुरुङ्गहरु के गर्ने चलन छ ?

**प्र.नं. १२) उत्तर लेख्नुहोस् ।** १०

(क) मगर जातिको विभिन्न जात र उनीहरुको रीतिथितिको बारे लेख्नुहोस् । (५)

(ख) गुरुङ्गहरु बौद्ध जनजाति को भन्नको लागि के आधार छ ? चर्चा गर्नुहोस् । (५)

**समाप्त**